# बागलुङ जिल्ला अदालतको सेवा स्थगन सम्बन्धी सूचना

## ! सूचना !! सूचना !!!

बिश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) हालैको दिनमा यस जिल्लामा समेत दिन प्रतिदिन बढ्दै गएको सन्दर्भलाई मध्यनजर राख्दै जिल्ला प्रशासन कार्यालयले यही मिति २०७७।०५।०३ गते देखि निषेधाज्ञा जारी गरेको हुनाले अदालतमा सेवा लिन आउने सेवाग्राहीहरुलाई अदालतमा सेवा लिन आउन असुविधा भएको र दिन प्रतिदिन बढ्दै गएको कोरोना भाइरसको संभावित संक्रमणबाट अदालतको सेवाग्राही, कानून व्यवसायी तथा कर्मचारीहरु समेतको सुरक्षाको लागि सेवा प्रवाहमा आवश्यक व्यवस्थापन गर्नु पर्ने भएको हुनाले निषेधाज्ञा अवधीमा अदाललतमा प्रदान हुने अन्य सेवाहरु स्थगन गरी देहायको सेवाहरु मात्र सञ्चालन हुने व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

निम्न

१. जरुरी पक्राउ पुर्जि, अनुमति र स्वीकृती
२. म्याद थप, अधिकृत वारेसनामा
३. अभियोग दर्ता, बयान थुनछेक
४. मिलापत्र, मुद्दा फिर्ता (दर्ता भैसकेका)
५. बिशेष प्रकारका निवेदन दर्ता
६. बन्दीप्रत्यक्षीकरण निवेदन
७. मुलुकी फौजदारी कार्यबिधि संहिता २०७४ को दफा १५५ नं. बमोजिमका निवेदनहरु
८. बालबालिकाको सर्वोत्तम हित अनुकुलका निवेदनहरु

मिति- २०७७।०५।०४

सूर्यप्रसाद भण्डारी
स्रेस्तेदार उपसचिव